म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ५८ बिहीबार १० असोज २०८१ ने. सं. ११४४ ञलागा 26 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरका एसपी डिएसपीको सरुवा

हेटौंडा, ९ असोज/प्रहरी प्रधान कार्यालयले जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरीउपरीक्षक सीताराम रिजाल र प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीको सरुवा गरेको छ । प्रहरी प्रधान कार्यालयले सरुवा निर्णय सार्वजनिक गरिसकेको छ । एकैपटक एसपी रिजाल र डिएसपी भण्डारीको सरुवा भएको हो । प्रहरी उपरीक्षक रिजालको नेपाल प्रहरी विशेष सुरक्षागण जनकपुर धनुसामा सरुवा भएको छ । मकवानपुरमा भने प्रहरीप्रमुखको रुपमा एसपी विश्व खड्का आउने भएका छन् ।

काठमाडौं उपत्यका ट्राफिक कार्यालयमा कार्यरत उनलाई मकवानपुर प्रहरीप्रमुखको जिम्मेवारी दिइएको हो । डिएसपीमा स्याम अर्याल आउने भएका छन् । नेपाल प्रहरी विशेष सुरक्षागण तनहुँमा कार्यरत अर्याललाई मकवानपुर सरुवा गरिएको हो ।

# मनसुन पुन:सक्रिय, मकवानपुर उच्चजोखिममा

## वर्षाका कारण बाढी, पहिरो र भू-क्षयको जोखिम

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले आज बिहीवारदेखि मनसुन सक्रिय हुने जनाउँदै मकवानपुर उच्चजोखिममा रहेको पूर्वानुमान गरेको छ । महाशाखाकाअनुसार बिहीबारदेखि मनसुन सक्रियन हुने भएको छ ।

बुधवार दिउँसबाटै हल्का वर्षा भने सुरु भइसकेको छ । बुधवार हेटौंडा बजारसहित मकवानपुरका अधिकांश भूभागमा हल्का वर्षा भएको थियो । विगत चार दिनदेखि चर्को गर्मी पश्चात वर्षा भएपछि सर्वसाधारणले राहतको महशुस गरेका छन् । महाशाखाबाट आगामी आइतबार सम्म मनसुन सक्रिय हुने भएकाले मकवानपुरसहित ५६ जिल्लामा 'रेड अलर्ट' जारी गरिएको छ । मौसम पूर्वानुमान महाशाखाले बुधबार विशेष बुलेटिन जारी गर्दै ५६ जिल्लामा सतर्कता अपनाउन आह्वान गरेको हो । बागमती प्रदेशको १२ जिल्लामा उच्चजोखिम रहेको महाशाखाले जनाएको छ । उच्चजोखिम भएका बागमतीका १२ जिल्लामध्ये अग्रस्थानमा मकवानपुर रहेको छ । महाशाखाले दोलखालाई भने 'रेड अलर्ट' जारी गरेको छैन ।

मकवानपुरपछि क्रमश: चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं भक्तपुर, ललितपुर काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली र रामेछापमा 'रेड अलर्ट' जारी गरिएको हो । जसमध्ये काठमाडौं र भक्तपुर बाहेकका सबै जिल्ला भौगोलिक रुपले विकटसँगै बाढी र पहिरोको जोखिम भएको जिल्ला हुन् । काठमाडौं र भक्तपुरमा भने बाढीको उच्चजोखिम रहेको छ । महाशाखाका मौसमविद गोविन्द झाले बंगालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त हावा र त्यस क्षेत्रमा बनेको न्यून चापीय प्रणालीको प्रभावको कारण देशभर मनसुन सक्रिय भएको जानकारी दिए । मनसुन सक्रिय भएपछि देशका अधिकांश स्थानमा मेघगर्जन/चट्यांकसहित वर्षा हुने उनको भनाइ छ । वर्षाका कारण बाढी, पहिरो र भू-क्षयको जोखिम रहने सम्भावना छ ।

रातको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले सहरी र तराईक्षेत्रमा डुबानको जोखिम रहेको विभागको भनाइ छ । ठूला तथा साना नदीनाला र खोलाहरुमा पानीको सतह बढ्नसक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकाले सतर्कता अपनाउन विभागले आग्रह गरेको छ । साथै तराई भूभागमा हावाहुरीसमेत चल्ने सम्भावना छ ।

यसैगरी, मौसम पूर्वानुमान महाशाखाले कोशी प्रदेशको ११ जिल्ला, मधेसको तीन जिल्ला, गण्डकीको १० जिल्ला, लुम्बिनीको १२ जिल्ला, कर्णालीको ५ जिल्ला र सुदूरपश्चिमको ३ जिल्लामा उच्चजोखिम रहने जानकारी दिएको छ । बढी जिल्ला उच्चजोखिम भएको प्रदेश बागमती र लुम्बिनीका १२-१२ जिल्ला रहेका छन् । महाशाखाका अनुसार १९ जिल्ला मध्यम जोखिममा र हिमाली दुई जिल्ला (मुगु र हुम्ला) न्यून जोखिममा छन् ।

यो वर्षाले विशेषत: कृषिक्षेत्रमा प्रभाव पार्ने देखिएकाले कृषिकर्महरु सुरु गर्नुभन्दा अगावै अध्यावधिक मौसमको जानकारी तथा पूर्वानुमान नियमित हेर्न सबैलाई अनुरोध गरिएको छ । मौसमविदले सर्वसाधारणदेखि सबै सरोकारवालालाई उच्चसतर्कता तथा पूर्वतयारी अपनाउन अनुरोध गरेका छन् ।



### मकवानपुरमा कहाँ-कहाँ जोखिम छ ?

२०७२ सालको भूकम्प पछि भएका सरकारी अध्ययनहरुले मकवानपुरका १० स्थानीय तहका विभिन्न ३४ स्थान विपद्को उच्चजोखिममा रहेको देखाएको थियो ।

मकवानपुरले हरेक वर्ष बाढी, पहिरो, डुबान चट्याङलगायत प्राकृतिक जोखिम वहन गरिरहे पनि जोखिम न्यूनीकरणमा प्रभावकारी काम हुन सकेको छैन । मकवानपुरमा दुई हजार एक सय ६५ भन्दा धेरै घर प्राकृतिक प्रकोपको अति जोखिममा रहेको २०७८ सालकै अध्ययनले देखाएको हो । तीमध्ये राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदीलगायतका स्थानीय तहमा करिब एक हजार तीन सय घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा थिए । उनीहरुको स्थानान्तरणको अवस्थाको तथ्यांक कुनैपनि पालिकासँग छैन ।

जिल्लाको राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी, बकैया र बागमती गाउँपालिका पहिरोको जोखिममा छन् । जसमध्ये राक्सिराङ र कैलाश गाउँपालिका पहिरोको उच्चजोखिममा छन् । हेटौंडा, मनहरी, बागमती गाउँपालिका बाढीको उच्चजोखिमयुक्त क्षेत्र हुन भने थाहा नगरपालिका, बकैया, भीमफेदी, इन्द्रसरोबर, मकवानपुर गढी, राक्सिराङ तथा कैलाश गाउँपालिका बाढी र पहिरो दुवैको जोखिम क्षेत्रको रुपमा रहेको छन् ।

पूर्वीक्षेत्रस्थित बागमतीको बागमती नदीसहित चौराखोला र चुरेबाट झर्ने दर्जन बढी खहरे खोलाको कारण यहाँ वर्षेनि सयौं हेक्टर जमिन कटान हुनुको साथै मानवीय क्षति हुने गरेको छ । पश्चिम मकवानपुरको मनहरी, राक्सिराङ तथा कैलाश गाउँपालिकामा रहेका मनहरीखोला, लोथरखोला तथा राप्तीखोलाले वर्षेनी ठुलो मात्रामा जमिन कटान गर्नुको साथै बस्तिमा खोला पस्ने समस्या रहेको छ । मकवानपुरगढीको आमभञ्याङ, सुकौरा, बुढीचौर क्षेत्रमा बाढी तथा पहिरोको उच्चजोखिम रहँदै आएको छ भने शिवम् सिमेन्टको खानीको अव्यवस्थित उत्खनन्को कारण यि क्षेत्रमा पहिरोको पनि उच्चजोखिम रहेको छ ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

# कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडक २४ घण्टा नबित्दै खुलाइयो

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/हेटौंडा-काठमाडौं छोटो दूरीको वैकल्पिक कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडक सञ्चालनमा रोक लगाउने भनिएको २४ घण्टा नबित्दै खुला गरिएको छ ।

सडक कालोपत्र गर्नका लागि मंगलबार अर्थात् असोज ८ गतेदेखि १९ गतेसम्म १२ दिन सवारीसाधन आवतजावतमा रोक लगाउने निर्णय गरिएको थियो । दसैंको पूर्वसन्ध्यामा सवारीसाधनमा सञ्चालनमा रोक लगाउँदा विभिन्न किसिमको समस्या हुने भएकाले सडक कालोपत्रको काम स्थगित गरेर सवारीसाधनको आउजाउ खुला गरिएको बताइएको छ ।

दक्षिणकाली नगरपालिकाले सडक कालोपत्र गर्ने कार्य अहिलेलाई स्थगित गरेर सवारीसाधनमा सञ्चालनमा रोक नलगाइएको जनाएको छ । दक्षिणकाली-छैमले खण्ड कालोपत्र गर्न १२ दिन सवारी आवागमनमा रोक लगाइने सूचना नगरपालिकाले जारी गरेको थियो ।

नगरप्रमुख मोहन बस्नेतका अनुसार दसैंअघि कालोपत्र गर्दा यात्रुलगायत स्थानीयवासीलाई पनि समस्या हुने भएकाले अहिलेलाई कालोपत्र गर्ने काम स्थागित गरिएको बताए । यो सडक राजधानी पूर्वाधार विकास विशेष आयोजना, हेटौंडाअन्तर्गत ठेक्का लगाएर निर्माण कार्य भइरहेको छ ।







**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# राजश्वमा दबाव बढाउँदै बागमती

चालु आर्थिक वर्षका लागि बिनियोजन गरिएको खर्चरकमको लक्ष्य भेट्टाउनका लागि बागमती प्रदे सरकारले राजश्व संकलनमा दबाव बढाएको छ । बिनियोजनमा संतुलन नभएपछि राजश्व संकलनमा दबाव बढ्नु सामान्य मानिन्छ । चालु आर्थिक वर्षको दुई महिनाको अवधिमा बागमती प्रदेश सरकारले साढे २ अर्ब रुपैयाँ भन्दा बढी राजस्व संकलन गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार चालु आव २०८१/८२ को भदौ मसान्तसम्म २ अर्ब ६५ करोड ४३ लाख ४२ हजार रुपैयाँ राजस्व संकलन भएको छ । गत आवको सोही अवधिको तुलनामा चालु आवको दुई महिनामा बागमती प्रदेश सरकारको राजस्व संकलनमा वृद्धि भएको तथ्यांक्ले देखाएका छ । गत आर्थिक वर्ष २०८०/८१ को भदौ मसान्तसम्मको आयभन्दा २२ दशमलव ३ प्रतिशतले राजस्व संकलन वृद्धि भएको छ । आर्थिक वर्ष २०८०/८१ को दुई महिनामा २ अर्ब १७ करोड ५२ लाख ११ हजार रुपैयाँ राजस्व संकलन गरेको प्रदेश सरकारले चालु आव २०८१/८२ मा ४७ करोड ९१ लाख ३१ हजार रुपैयाँ बढी संकलन गर्न सफल भएको मन्त्रालयले जनाएको छ ।

गत आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार अनुमान गरिएकोमा भदौ मसान्तसम्म ३ दशमलव ४७ प्रतिशत मात्रै राजस्व संकलन भएको थियो । चालु आवमा कुल आय अनुमानको ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रुपैयाँमा ४ दशमलव ११ प्रतिशत राजस्व प्राप्ति भएको तथ्यांक छ । चालु आवमा प्रदेश सरकारले घरजग्गा रजिष्ट्रेशन दस्तुर, बाँडफाँड भई प्राप्त हुने मूल्यअभिवृद्धि कर, बाँडफाँड भई प्राप्त हुने अन्तशुल्क, सवारीसाधन कर, मनोरञ्जन कर र दहत्तरवहत्तरको बिक्रीबाट प्राप्त हुने आयमार्फत राजस्व संकलन गरेको हो । प्रदेश सरकारको सबैभन्दा धेरै आम्दानीको स्रोत सवारीसाधन कर र घरजग्गा रजिष्ट्रेशन दस्तुरवापतको राजस्व देखिन्छ । करको दायरा बढाउने विषयमा प्रदेश सरकारले समिति बनाएर अध्ययन गरिरहेको छ । घरजग्गा रजिष्ट्रेशन (मालपोत) र सवारीसाधन कर नै बागमती प्रदेश सरकारको राजस्व संकलनको मुख्य आयस्रोत मानिएको भएपनि गत आवमा यो शीर्षकबाट १४ अर्ब राजस्व संकलन हुने अनुमान गरिएकामा ११ अर्ब ६० करोड ७६ लाख ५० हजार मात्र संकलन भएको थियो । राजश्व चुहावट रोक्ने कार्यमा उल्लेख्य सफलता मिल्न नसक्नु र राजश्वको दायरा फराकिलो बनाउने विषयमा गतिलो गृहकार्य हुन नसक्दा राजश्व संकलनको लक्ष्य भेट्टाउन नसकेको आर्थिक बिज्ञहरुले बताएका छन् । घरजग्गा रजिष्ट्रेशन शीर्षकबाट ६ अर्ब ७५ करोड राजस्व संकलन गर्ने लक्ष्य रहेकामा त्यसको करिब ८१ दशमलव ३२ प्रतिशत अर्थात् पाँच अर्ब ४८ करोड ९३ लाख ३८ हजार रुपैयाँ मात्र राजस्व संकलन भएको थियो ।

प्रदेश सरकारले सवारीसाधन जाँचपास, रुट परमिट, सवारीचालक अनुमतिपत्र वितरण तथा नवीकरण आदिबाट गत आव २०८०/८१ मा अनुमानभन्दा १६ प्रतिशत कम राजस्व संकलन गरेको हो । सवारीसाधन करवापत एक अर्ब ११ करोड ८० लाख ११ हजार रुपैयाँ, घरजग्गा र जिष्ट्रेशन दस्तुर वापत २ करोड ९३ लाख ९२ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । चालु आवको दुई महिनामा बाँडफाँड भई प्राप्त दहत्तरबहत्तरको बिक्रीबाट एक करोड १४ लाख ५० हजार, मनोरञ्जन करवापत ८३ हजार, र अन्तशुल्कवापतको कर १९ करोड ६४ लाख २० हजार रुपैयाँ राजस्व संकलन भएको मन्त्रालयले जानकारी दिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असोज ११ गते शुक्रबार २७ सेप्टेम्बर २०२४ । दशमी, आश्विन कृष्णपक्ष । ञलागा ११४४ ने.सं. । सूर्योदय ५:५५, सूर्यास्त ५:५३ । विश्व पर्यटक दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद हुन सक्ने | तुला | : व्यापारबाट फाइदा हुनेछ |
| वृष | : मनलाई नियन्त्रण गर्नुपर्नेछ | वृश्चिक | : मन प्रशन्न हुने देखिन्छ |
| मिथुन | : आफन्तको सहयोग मिल्नेछ | धनु | : नयाँ काम गर्न जागर आउनेछ |
| कर्कट | : यात्राको लागि राम्रो समय छ | मकर | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| सिंह | : सोचेजस्तो सहयोग मिल्नेछैन | कुम्भ | : पढाइमा सहयोग मिल्नेछ |
| कन्या | : समय पूजापाठमा बित्नेछ | मीन | : रिसाउने बानीले हानि पुग्नेछ |

# शहर बजारमा सहकारी, टोलछिमेकमा ठगी !

खासगरी शहरबजारमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक, पदाधिकारी एवम् जिम्मेवार व्यक्तिहरुको शृंखलाबद्ध ठगीका घटनाले सहकारीप्रति विश्वास मात्रै गुम्दै गएको छैन कि सरकारको सहकारी प्रवर्द्धन नाराको लय नै परिवर्तन भएर, "शहरबजारमा सहकारी, टोलछिमेकमा ठगी" मा परिणत हुने खतरा बढ्दै गएको छ



✍ मनिकर कार्की

सहकारीको बचत अपचलनमा तत्कालीन गृहमन्त्री रवि लामिछाने मुछिएपछि संसदीय छानबिनको माग गर्दै तत्कालीन प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले लामो समय संसद् अवरुद्ध गरेको थियो । सरकार र प्रतिपक्षबीच लामो समयको रस्साकस्सीपछि गत जेठमा सरकारले सांसद सूर्यबहादुर थापाको नेतृत्वमा सहकारी संस्थाको बचत रकम दुरुपयोग सम्बन्धी छानबिनका लागि संसदीय छानबिन विशेष समिति बनायो र सोही समितिले हालै करिब साढे तीन महिनाको अध्ययनपश्चात् प्रतिवेदन पेश गरेको छ ।

समितिले २२ वटा समस्याग्रस्त र १८ वटा अन्य सार्वजनिक रूपमा प्रश्न उठेका समेत गरी ४० वटा सहकारीहरूको अध्ययन गरी प्रतिवेदन तयार गरेको छ । समितिको प्रतिवेदनमा उठान गरिएका विषयवस्तुहरू सहकारी क्षेत्रको समष्टिगत अवस्था दर्शाउने दर्पण बनेको छ ।

साथै संकटग्रस्त सहकारी संस्थाहरूका बचतकर्ताको बचतको सुरक्षण र बचत फिर्ताका सन्दर्भमा दिइएका सुझावहरू एवम् समग्रतामा सहकारितालाई मुलुकको तीन खम्बे अर्थतन्त्रको एक आधारको रूपमा खडा गर्न गर्नुपर्ने सैद्धान्तिक, नीतिगत र नियामकीय सुधारका सवालहरू समेत उठान भएको छ । प्रतिवेदन नेपालको सहकारी आन्दोलनको समष्टिगत झलक दिने उत्कृष्ट सन्दर्भ सामग्री बन्न पुगेको छ । यसै सन्दर्भमा सहकारीका सिद्धान्त, उद्देश्य र मोडेलहरूमाथि चर्चा गरौं ।

### सहकारीको सिद्धान्त र उद्देश्य

विश्वमा सहकारीको अभ्यास नयाँ हैन । यो मानव सभ्यताको विकाससँगै सहकार्यमा आधारित प्रणालीको रूपमा स्थापित भएको थियो । तथापि आधुनिक सहकारी आन्दोलनको सुरुआत भने औद्योगिक क्रान्तिताका भएको मानिन्छ । अमेरिकी प्रोफेसर रिचर्ड जी. विलियम्स्ले आफ्नो पुस्तक द कोअपरेटिभ मुभमेन्ट मा उल्लेख गरे अनुसार सन् १७५० वरिपरिबाट आधुनिक सहकारी आन्दोलन अस्तित्वमा आएको थियो । १९औं शताब्दीसम्म आइपुग्दा भने सहकारी आन्दोलनका विशिष्ट रूपहरू देखापर्दै गयो । जस क्रममा संयुक्त अधिराज्य बेलायतमा उपभोक्ता सहकारी, फ्रान्समा श्रमिकको स्वामित्वयुक्त उत्पादन सहकारी तथा जर्मनीमा ऋण सहकारीको विकास भएको देखिन्छ ।

प्रोफेसर विलियम्स्कै अनुसार विकसित मुलुक र विकासशील देशहरूमा सहकारी आन्दोलनको विकास र विस्तार फरक-फरक उद्देश्यका साथ भएको देखिन्छ । विकसित मुलुकहरूमा पूँजीवादले विकास गरेको स्वतन्त्र बजारलाई लोकतान्त्रिक र सहभागितामूलक बनाउने विकल्पका रूपमा सहकारी आन्दोलनको विकास भएको देखिन्छ भने विकासशील दुई तिहाइ विश्वमा भने सहकारी आन्दोलन सम्भाव्य (भायबल) र दिगो (सस्टेनेबल) अर्थतन्त्र सिर्जना गर्ने उद्देश्यप्रति उत्प्रेरित भएको पाइन्छ ।

'सहयोगात्मक सहकार्य' र 'समुदायप्रतिको चासो' नै सहकारीको आधारभूत सिद्धान्त हो । सहकारी आन्दोलनबारे समन्वय गर्ने अन्तर्राष्ट्रियस्तरको सञ्जाल इन्टरनेशनल को-अपरेटिभ अलायन्स (आईसीए) ले सन् १९९५ मा सहकारीका आधारभूत मूल्य, मान्यता र सिद्धान्तहरू तय गरेको थियो । सो सञ्जालले सहकारीका सिद्धान्तहरूलाई 'समुदाय' लक्षित हुने गरी परिमार्जन गर्दै ७ सिद्धान्त तय गरेको थियो । ती सिद्धान्तहरू हुन्- स्वेच्छिक एवम् खुला सदस्यता, सदस्यता नियन्त्रणको लोकतान्त्रिक विधि, सदस्यको आर्थिक सहभागिता, कार्यसम्पादनमा स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचनाको प्रवाह, सहकारीहरूका बीच सहकार्य र समुदायप्रतिको चासो ।

संसारमा सहकारीका विभिन्न मोडेल अस्तित्वमा रहे । ती केही आधारभूत मोडेलहरूमध्ये औद्योगिक क्रान्तिसँगै श्रमिक सदस्यहरूको दैनिक गुजारा चलाउनका लागि सुपथ मूल्य पसल सञ्चालन गर्न स्थापना गरिएका सहकारीहरूह सार्वजनिक निर्माण वा अन्य ठेक्कापट्टा प्राप्तिका लागि स्थापित सहकारीह मुनाफा बाँड्ने उद्देश्यले म्युचुअल फन्डको अवधारणामा सञ्चालित सहकारीह विद्यालय सञ्चालन र खेतीपातीका लागि खोलिएका स्क्यान्डेनिभियन मोडेलका सहकारीहरूह अर्थतन्त्रका आर्थिक एवम् सामाजिक क्षेत्रमा बृहत् सहयोगात्मक सहकार्यका लागि स्थापित सहकारीहरू केही प्रचलित मोडेल हुन् ।

माथि नै चर्चा गरिए जस्तो विकसित मुलुकहरूमा सहकारी सञ्चालनको मोडेल अलग छ । त्यहाँ मूलत: पूँजी र प्रविधिको विकाससँगै पूँजीवादी उत्पादन प्रणालीको विकासले समाजमा वर्ग विभाजन हुन गयो र पूँजीपति तथा श्रमिक वर्गको निर्माण भयो । त्यही श्रमिक वर्गले आफ्नो सामूहिक हित प्रवर्द्धन गर्ने र आवश्यकता परिपूर्तिका लागि सामूहिक प्रयत्न स्वरूप सहकारी आन्दोलनको प्रादुर्भाव हुन गएको देखिन्छ ।

तर, नेपालको आर्थिक एवम् सामाजिक विकासको अवस्था भिन्न भएकाले यहाँको सहकारी आन्दोलनको पृष्ठभूमि पनि फरक छ । खासगरी नेपालमा सुरुआती चरणमा केही व्यक्ति र समूहको निश्चित योजना र सोचलाई मूर्तरूपीकरण गर्ने उद्देश्यका साथ सहकारी स्थापना भएको देखिन्छ । सहकारी स्थापनाको पृष्ठभूमि हेर्दा त्यसले बृहत् आर्थिक एवम् सामाजिक समावेशीकरणको मान्यता अंगीकार गरेको देखिंदैन । तथापि पछिल्लो राजनीतिक परिवर्तनसँगै यस्तो बृहत् आर्थिक रूपान्तरणको संवाहकको रूपमा सहकारीलाई आत्मसात् गरेको भने सत्य हो ।

### सहकारीको अर्थ-सामाजिक आयाम

सटालियन प्रोफेसरद्वय स्टेफानो जमाग्नी एवम् वेरा जमाग्नी लिखित कोअपरेटिभ इन्टरप्राइज नामक पुस्तकमा उल्लेख भए अनुसार सहकारी सञ्चालनका आर्थिक र सामाजिक गरी दुई आयाम हुन्छन् । आर्थिक आयाम बजार संयन्त्रमा आधारित रहेको हुन्छ भने सामाजिक आयाम समुदायको आवश्यकता र नियन्त्रणमा आधारित । यी दुई आयामबीचको गतिशील सन्तुलनमा सहकारी आन्दोलन अघि बढेको हुन्छ ।

नेपालको सन्दर्भलाई हेर्ने हो भने यी दुईमध्ये कुनै पनि आयामलाई दह्रोसँग पकड्न सकिएको देखिँदैन । सहकारी विभागले जनाए अनुसार हालसम्म पुगनपुग ६३ लाख साना कृषक, कालिगड, श्रमिक, उपभोक्ता र निम्न आय भएका विपन्न परिवारका सदस्यहरू सहकारीमा आबद्ध रहेका छन् भने मुलुकका सबै प्रदेश, जिल्ला र नगरपालिका वा गाउँपालिकामा गरी कुल ३४ हजार बढी सहकारी संस्थाहरू सञ्चालित रहेका छन् ।

यति ठूलो संख्यामा उपस्थित सहकारीहरूले के कसरी काम गरेका छन् ? तिनको वित्तीय अवस्था कस्तो छ ? तिनले समाजमा पारेको आर्थिक र सामाजिक प्रभाव कस्तो छ ? ती संस्थाहरू कसको नियन्त्रणमा छन् ? तिनको नियन्त्रणमा समुदायको भूमिका छ कि छैन ? संस्थागत विकास र सुशासनको अवस्था कस्तो छ ? संस्थाको कार्य वातावरण कस्तो छ ? संस्थागत मूल्य, मान्यता र संस्कृति कस्तो छ ? सदस्य र संचालकहरू बीचको सम्बन्ध कस्तो छ ? समाजमा ती संस्थाहरूले कस्तो सम्बन्ध विकास गरेका छन् ? यी यावत् प्रश्नहरूको यथोचित उत्तर भेटिंदैन ।

हाम्रो जस्तो अल्पविकसित र विकासशील मुलुकहरूमा सहकारी आन्दोलनको उत्प्रेरणा आर्थिक एवम् सामाजिक विकासमा टेवा पुऱ्याउनु नै हो । जसका लागि समुदायको सहभागिता जरूरी हुन्छ र सहकारीले त्यो सामुदायिक सहभागितालाई सुनिश्चित गर्ने भएकाले यो अवधारणा अगाडि सारिएको हो । यो एक सामाजिक एवं आर्थिक सशक्तीकरणको आन्दोलन हो । वास्तवमा सहकारी समान हैसियत भएका र एउटा निश्चित समुदायमा बस्ने व्यक्तिहरूले आफूसँग भएको स-सानो रकम बचत गर्ने र त्यही बचत सहकारीमा आबद्ध सदस्यहरूलाई परिचालन गरी वित्तीय आवश्यकता पूरा गर्ने उद्देश्यले स्थापित संस्था हो ।

तर, यसको मूल्य र मान्यता विपरीत जसरी ठूला शहरहरूमा अर्बौंको कारोबार गर्ने गरी सहकारीहरूलाई सञ्चालन गर्न दिइयो, त्यो नै सहकारी संकटको पहिलो कडी थियो । सामूहिकताको भावनामा आधारित भएर सीमित वित्तीय कारोबार गर्ने संस्थालाई खुल्ला रूपमा विना नियमन कुनै अमूक व्यक्ति वा स्वार्थ समूहको तजबिजमा 'असीमित' वित्तीय कारोबार गर्न दिइनु आफैँमा त्रुटिपूर्ण थियो ।

जब कुनै पनि संस्थाले सर्वसाधारणबाट बचतको रूपमा रकम उठाउने इजाजत प्राप्त गर्दछ भने त्यस्तो संस्थालाई इजाजत दिने, अनुगमन र नियमन गर्ने तालुकवाला छुट्टै केन्द्रीय मन्त्रालय समेतको व्यवस्था नहुनु नियामकीय बेवास्ताको पराकाष्ठा नै हो । यसर्थ, नियमनको दायराबाट बाहिर रहेकै कारण धेरै चलाख बिचौलियाहरूले सहकारीलाई आफ्नो वित्तीय आवश्यकता पूरा गर्ने माध्यम बनाए ।

शहरबजारका शिक्षित र सचेत वर्ग समेत दुई कारणले सहकारीतर्फ आकर्षित भए । पहिलो, बचतको स्रोत खुलाउनु नपर्ने हुँदा गैरकानुनी वा अपारदर्शी स्रोतबाट आर्जन गरेको धन सहकारीमा बचत गर्न सहज हुन गयो । जबकि बैंक तथा वित्तीय संस्थाको बचतमा नियामकीय निगरानी हुन सक्दथ्यो । दोस्रो, धेरै ब्याजको लोभमा हैसियत बेगरका अपारदर्शी सहकारीहरूमा ठूलो रकम बचतको रूपमा राख्न पुगे । परिणामस्वरूप सहकारी संस्थाहरूमा संकट आउँदा सो बचत जोखिममा परेको छ ।

कतिपय बचतकर्ताहरू त आफ्नो बचत संकटमा परेको कुरा समेत सार्वजनिक रूपमा भन्न नसक्ने अवस्थामा रहेका छन् । यी यावत् विषयमा छानबिन समितिले पहिल्याएको निष्कर्ष र औंल्याएका सुझावहरूलाई मात्रै कार्यान्वयन गर्ने हो भने पनि सहकारी समस्या समाधान हुनेमा सन्देह छैन । तर, छानबिन समितिको प्रतिवेदन अन्तिम हैन र हुँदैन, मुख्य सवाल त प्रतिवेदनमा औंल्याइएका बेथिति, अपचलन, अनियमितता र ठगीको अख्तियारप्राप्त निकायबाट अनुसन्धान गरी न्यायिक प्रक्रियाबाट दोषीलाई कारबाही र जरिवाना अनि सहकारीका बचतकर्ताको बचत फिर्ताको सुनिश्चितता हो, जुन निकै चुनौतीपूर्ण देखिन्छ ।

### "क्लिन चिट" भर्सेस "इम्बेजलमेन्ट"

नेपाली कांग्रेसले सदन अवरुद्ध गर्दै सहकारी ठगीका विषयमा संसदीय छानबिनको माग गर्दा कडा प्रतिक्रिया दिंदै त्यतिबेलाका गृहमन्त्री एवम् रास्वपाका सभापति रवि लामिछानेले आफ्ना विरुद्ध 'राजनीतिक इबी' साध्ने काम भएको जनाएका थिए । आफूलाई संसद्मा बोल्न दिए नौ मिनेट १८ सेकेन्डमै सबैको मुख बन्द गरिदिने हुँकार गरेका थिए ।

तर, संसदीय छानबिन समितिको प्रतिवेदन सार्वजनिक भएपछि भने परिस्थिति बदलिएको छ । प्रतिवेदन सार्वजनिक भएलगत्तै आरोपी रवि लामिछाने र स्वयम् रास्वपा पार्टी पंक्तिले रवि लामिछानेलाई समितिले 'क्लिन चिट' दिएको भन्दै हर्षबढाइँ गरेका थिए । ठीकै छ, भ्रममै सही कोही खुसी र आनन्दित हुन चाहन्छ भने त्यो उसको स्वतन्त्रता हो । खुसीयाली बाँड्न र हर्षबढाइँ गर्न पनि पाइन्छ । तर, प्रतिवेदनको निष्कर्ष र सुझाव खण्ड अध्ययन गर्दा प्रथम दृष्टिमै 'क्लिन चिट'को प्रसंग खारेज हुन्थ्यो ।

जुन कुरा केही दिनको अन्तरालमै सरकारले प्रतिवेदनको सुझाव कार्यान्वयनमा तहकिकात गर्न तत्कालीन गोर्खा मिडियाका सञ्चालक एवम् नेपाल प्रहरीका पूर्व डीआईजी छविलाल जोशी पक्राउ परेसँगै रवि लामिछाने र समग्र रास्वपा पार्टी पंक्तिमा बेचैनी देखिएको छ । यसर्थ, 'क्लिन चिट'को भ्रम लामो समयसम्म टिक्न सकेन ।

हो, प्रतिवेदनमा औंल्याइए अनुसार रवि लामिछाने प्रत्यक्ष रूपमा कुनै पनि सहकारी संस्थाको बचत अपचलनको दोषीभागी हुने गुन्जायस नहोला । तर, कुनै बेला उनी कार्यकारी प्रमुख रहेको गोर्खा मिडिया नेटवर्कको बैंक खातामा विभिन्न सहकारी मार्फत भित्रिएको ६५ करोड ५४ लाख रुपैयाँमा कानुनी वैधता नरहेको समितिको प्रतिवेदनले प्रस्ट पारेको छ । त्यस्तै गोर्खा मिडियाको बैंक खाता सञ्चालनका क्रममा प्रबन्ध सञ्चालकको हैसियतबाट स्वयम् रवि लामिछानेको 'एकल दस्तखत'बाट काटिएको चेकको कानुनी जिम्मेवारी उनले नलिएर धरै छैन ।

त्यसैले सहकारीको बचत हिनामिना बारे 'क्लिन चिट'को भ्रम जति नै पाले पनि गोर्खा मिडियामा भएको स्रोतको अपारदर्शी एवम् अनियमितता (इम्बेजलमेन्ट) को दोषीभागीमा उनी पनि प्रत्यक्ष पर्दछन् भन्ने स्पष्ट देखिन्छ । तथापि दामासाहीबाट उनले बहन गर्नुपर्ने वित्तीय दायित्वको हिसाब भने अर्को अनुसन्धान र न्यायिक प्रक्रियाबाट निर्क्योल हुनेछ ।

गोर्खा मिडियासँगको कानुनी सम्बन्ध नरहेकोले त्यसको पूर्वकार्य (रेट्रोस्पेक्टिभ) दायित्व आफूमा नपर्ने उनको जिकिर छ । यो जिकिर भने उनका लागि पनि छेस्काको भऱ्याङ जस्तै हो, जसले तला उकाल्ने कुनै गुन्जायस छैन । जुन भऱ्याङ चढ्न नपाई ढल्नेछ । यसर्थ, रास्वपा पार्टी पंक्तिले मनाएको 'क्लिन चिट'वाला उत्सवले त प्रकारान्तरमा संसदीय छानबिन समितिले तयार गरेको प्रतिवेदनको स्वामित्व लिएको पो देखियो ! जुन समिति र समितिका सभापतिको अर्को सफलता हो ।

यसर्थ, अब रवि लामिछानेसँग प्रतिवेदनले औंल्याएको कैफियतलाई लिएर गरिने जुनसुकै अनुसन्धानले देखाउने दोषी किटानीउपर असहमति दर्ज गर्ने कुनै नैतिक धरातल र आधार देखिंदैन । उनीसँग बाँकी रहेको विकल्प भनेकै अनुसन्धानमा सहयोग गरी यो विषयलाई न्यायिक प्रक्रियाबाट निरुपण गराउने हो ।

### "शहरबजारमा सहकारी, टोलछिमेकमा ठगी"

सहकारितालाई प्रवर्द्धन गर्ने भन्दै सरकारको नीति तथा कार्यक्रममा पटक-पटक दोहोरिने गरेको नारा हो- 'गाउँगाउँमा सहकारी, घरघरमा भकारी' । 'सहकारी'लाई सन् २००६ को राजनीतिक परिवर्तन यता र सन् २०१५ को संघीय गणतान्त्रिक संविधानले अवलम्बन गरेको तीन-खम्बे अर्थनीतिको एउटा महत्वपूर्ण खम्बा मानेको छ । तर, तीन-खम्बे अर्थनीतिका तीन खम्बाहरू- निजी क्षेत्र, राज्य (सार्वजनिक क्षेत्र) र सहकारीको वजन र मजबुती भने नितान्त फरक देखिएको छ ।

तीनखम्बे अर्थनीतिको सन्दर्भमा छानबिन समितिको टिप्पणी उद्धृत गर्दा निजी क्षेत्रको खम्बा 'फलाम' को, सार्वजनिक क्षेत्रको खम्बा 'काठ' को र सहकारीको खम्बा चैं 'बाँस'को साबित हुन पुगेको छ । किनकि सरकारले सहकारिता प्रवर्द्धनका लागि जतिसुकै रणनीतिक योजना ल्याए तापनि जनस्तरमा सञ्चालित सहकारीहरूको कार्यसम्पादन भने सन्तोषजनक देखिंदैन । कृषि अन्तर्गतको तरकारी उत्पादन, दुग्ध उत्पादन एवम् अन्य नगदेबालीकेन्द्रित केही विशिष्टीकृत सहकारीलाई छाड्ने हो भने समग्र सहकारी क्षेत्रको खम्बा 'बाँस' को हैन किन्तु 'नर्कट'कै साबित भएको छ ।

खासगरी शहरबजारमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक, पदाधिकारी एवम् जिम्मेवार व्यक्तिहरूको शृंखलाबद्ध ठगीका घटनाले सहकारीप्रति विश्वास मात्रै गुम्दै गएको छैन कि सरकारको सहकारी प्रवर्द्धनको नाराको लय नै परिवर्तन भएर, 'शहर बजारमा सहकारी, टोलछिमेकमा ठगी' मा परिणत हुने खतरा बढ्दै गएको छ । खासगरी काठमाडौं, पोखरा, बुटवल, चितवन, वीरगञ्ज, नेपालगञ्ज लगायतका ठूला शहरहरूमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूका सञ्चालकहरूले गरेका बचत अपचलनका घटनाका फेहरिस्तले जो-कोहीलाई तर्साएको छ ।

छानबिन समितिले अध्ययन गरेका ४० वटा सहकारी संस्थाहरूको वित्तीय विवरण हेर्दा पनि ती संस्थाहरूमा बचतकर्ताको रु.७१ अर्ब ३० करोड बचत रकम सहित रु.८७ अर्ब ८९ करोड दायित्व देखिन्छ भने रु.५३ अर्ब ७८ करोड ऋण लगानी सहित मात्र रु.८२ अर्ब ३२ करोड बराबरको सम्पत्ति देखिन्छ ।

सो सम्पत्ति अन्तर्गत २० प्रतिशत मात्रै नउठ्ने ऋण र कुल सम्पत्तिको २० प्रतिशत मात्रै ब्याज आसामी रहेछ भने पनि कम्तीमा २५ अर्ब बढी नउठ्ने रकम हुन जान्छ, जुन र कमलाई सम्पत्तिबाट कट्टा गर्दा ती संस्थाहरूको शेष सम्पत्ति ५७ अर्ब बाँकी रहन्छ । सो सम्पत्ति फरफारक गर्दा पनि बचत र पूँजी सहितको दायित्वमध्ये कम्तीमा ३० अर्ब अपुग हुन जाने देखिन्छ ।

अनौपचारिक रूपमा विभिन्न समयमा सहकारीका विज्ञहरूले उल्लेख गरे अनुसार मुलुकभर सञ्चालनमा रहेका करिब ३४ हजार सहकारीहरूमध्ये २० हजार बचत तथा ऋण सहकारी संस्थाहरू रहेका छन् । ती सहकारीहरूको कुल बचत करिब रु.८ खर्ब रहेको र सोमध्ये रु.१ खर्ब बचत जोखिममा र हेको औंल्याएका छन् । सहकारीको यस्तो बेथितिबाट हामीले साझेदारी अर्थतन्त्रको खम्बा मानेको सहकारी क्षेत्रको संस्थागत जर्जरता प्रस्ट हुन्छ ।

विगतदेखि नै पटक-पटक औंल्याइएको विषय हो कि सहकारी संस्थाका सञ्चालक तथा पदाधिकारीहरूले आफ्नो समूहगत वा निजी फाइदाका लागि बचत अपचलन गर्ने उपक्रम बढ्दो छ । फितलो अनुगमन र 'स्व:नियमन'को कमजोर धरातलमा उभिएका सहकारी संस्थाका सञ्चालक र पदाधिकारीकै लोभ र बद्नियतका कारण समस्यामा फसेका सहकारीहरू धेरै छन् । नत्र एउटा सहकारीको कर्मचारीको हैसियतमा काम गर्ने व्यवस्थापकलाई कर्जा लगानीको सामान्य प्रक्रिया पनि पूरा नगरी तोक आदेशकै भरमा करोडौं रकम रकमान्तर गर्ने आँट कसरी आउँछ ?

सञ्चालकहरूको अत्यधिक लोभका कारण हुने जोखिमयुक्त र निजी लगानी नै सहकारी संकटको मुख्य कारण हो, जुन कुरालाई छानबिन प्रतिवेदनले पनि औंल्याएको छ । नियामकबाट हुने फितलो कागजी नियमनको फाइदा उठाउँदै तिनले आफ्नो वित्तीय आवश्यकता पूरा गर्ने उद्देश्यले सहकारीहरू खोलेका थिए । त्यही सहकारीले शहरबजारमा हल्ला खल्ला गर्ने भएका कारण सर्वसाधारण पनि आकर्षित भए र बचत गर्दै गए । अहिले तिनै केही खराब नियत बोकेका सहकारी सञ्चालकहरूको बद्नियतका कारण समग्र सहकारी क्षेत्रले नै संकट बेहोर्नु परिरहेको छ, विश्वास गुमाउनु परेको छ । अहिले सहकारीका लाखौं बचतकर्ताको जीवनभरको कमाइ स्वाहा हुने खतरा बढेको छ ।

*(साभार: अनलाइनखबर)*

# घट्दै छ देउवा-गगन दूरी



काठमाडौं/२ असोजमा नेपाली कांग्रेसले केन्द्रीय कार्यालयमा सय दिने विशेष अभियानमा खटिने केन्द्रीय प्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम राख्यो । अभियानको उद्देश्य, प्रतिनिधिका कार्यादेश, नेताहरुले आन्तरिक संगठन सुदृढीकरणका लागि गर्नुपर्ने कार्य आदिबारे महामन्त्री गगन थापाले प्रतिनिधिलाई जानकारी गराए ।

महामन्त्री थापाले बोलिसकेपछिका वक्ता थिए, पार्टी सभापति शेरबहादुर देउवा । सभापति देउवाले सहकारीको रकम अपचलनमा रवि लामिछानेको संलग्नता विषयलाई जानकारीमा ल्याइदिएको प्रति महामन्त्री थापालाई धन्यवाद दिए । 'सहकारी सम्बन्धी कुरा हाम्रो महामन्त्री गगनकुमार थापाले धेरै अध्ययन गरेर भन्नुभएको छ । उहाँलाई धन्यवाद दिन चाहन्छु, मैले वास्तवमा पत्याएकै थिइनँ, यस्तो छ भनेर,' थापाको प्रशंसा गर्दै देउवाले भने,'रवि लामिछानेजी त कस्तो मान्छे हुनुहुँदो रहेछ भने चलाख मान्छे, म त छक्कै परें कुरा सुनेर । तपाईंले जितिदिनुभयो, त्यसकारण धन्यवाद तपाईंलाई ।'

शीर्ष नेताहरु सहित केन्द्रीय सदस्यहरु सहभागी बैठकमा सभापति देउवाले महामन्त्री थापालाई यो तहको प्रशंसा गरेको सम्भवत: पहिलोपटक हो । महामन्त्री थापाको सभापति देउवाले प्रशंसा गरेको र दुई वर्षपछि प्रधानमन्त्री देउवा हुने भन्दै थापाले दोहोर्‍याइरहेको विषयले कांग्रेसभित्र चर्चा पाएको छ । एकले अर्काको विरोध नगर्नु र प्रशंसामा शब्द खर्चिनुलाई दुई जनाको दूरी घटेको टिप्पणी हुन थालेको छ ।

कांग्रेस नेताहरुका अनुसार देउवा-गगन नजिकिएको देखिनुमा सहकारी प्रकरण, नयाँ गठबन्धनप्रति महामन्त्रीको सहज स्विकार, विवाद भन्दा मिलेर सांगठानिक कार्य गर्नुपर्ने दुबैको आत्मबोध लगायतले काम गरेको छ । देउवा-गगन सम्बन्ध सुधारिँदै जानुलाई कतिपय नेताले भावी महाधिवेशनको समीकरणलाई पनि जोडेर हेरेका छन् । पार्टीको सांगठनिक कार्यका लागि सभापतिसँग मतभेद राख्नुपर्ने कारण नभएको महामन्त्री थापा बताउँछन् ।

'सभापति र महामन्त्रीको वीचमा सम्बन्ध राम्रो हुँदा मात्रै पार्टीका गतिविधिहरु अघि बढ्छन्,' महामन्त्री थापाले संचारकर्मीसँग भने,'कसरी परिणाम दिने भनेर म लाग्नु नै पर्दछ । संगठनका कामका लागि सभापतिसँग मिलेरै काम गर्नुपर्दछ भन्ने मेरो मान्यता हो ।' महाधिवेशनलाई केन्द्रमा राखेर हुने समीकरणलाई ध्यानमा राखेर आफूले काम नगरेको महामन्त्री थापाले सुनाए । सभापति देउवा र महामन्त्री थापालाई एक ठाउँमा ल्याउने प्रमुख मुद्दा 'सहकारी प्रकरण' बनिदियो ।

एमाले-माओवादी-राष्ट्रिय स्वतन्त्र पार्टी सहितको सरकार २१ फागुनमा बनेपछि सहकारीको मुद्दालाई कांग्रेसले जोडतोडसँग उठायो । पार्टीभित्र यो मुद्दाका बारेमा जानकारी गराउने र संसदमा निरन्तर विरोध गर्ने कार्यको अगुवाई महामन्त्री थापाले गरे । महामन्त्री निकट केन्द्रीय सदस्य भन्छन्, 'महामन्त्रीले सहकारी प्रकरणको लिड गर्नुभयो । संसदीय समितिको प्रतिवेदन सार्वजनिक आएपछि सभापतिले महामन्त्रीलाई पूर्ण विश्वास गर्ने आधार बन्यो ।'

नेताहरुका अनुसार सभापति देउवा र महामन्त्री थापाको नजिकिनुको कारण वर्तमान गठबन्धनको विषय पनि हो । कांग्रेस र एमालेको गठबन्धन बनाउने कार्यमा महामन्त्री संलग्न भएनन् । संसदबाट महामन्त्री थापाले सभापति देउवालाई आश्वस्त बनाउने गरी भने,'यो सरकार बनाउने कार्यमा मेरो संलग्नता छैन । तर, जे भएको छ । ठीक भएको छ ।' वर्तमान गठबन्धनको विरुद्दमा महामन्त्री देखिएको भए दुईको सम्बन्धमा दूरी बढ्ने थियो । नयाँ सत्ता समीकरणलाई महामन्त्रीले 'ठिक भएको' प्रतिक्रिया दिएपछि एक अर्कामा विश्वासको मत वातावरण थप मजबुत बन्यो । सत्ता समीकरण परिवर्तन भएपछि महामन्त्री थापाले महासमिति बैठकमा प्रस्तुत गरेको सांगठनिक प्रतिवेदन पारित गर्न थप मद्दत पुग्यो ।

'महामन्त्रीले एमालेसँग सरकार बनाएको विषयलाई सहजतापूर्वक लिनुभयो । २०८४ को चुनावमा एक्लै लड्ने निर्णय लिन सभापतिलाई पनि गाह्रो भएन,' देउवा निकट एक नेता भन्छन्,'अहिले माओवादीसँगै सत्ता सहकार्य भएको भए गठबन्धन नगर्ने प्रस्तावले सभापति र महामन्त्रीको पानी बराबरको अवस्था आउनसक्ने थियो ।'

वर्तमान सरकारमा महामन्त्री थापालाई सरकारको नेतृत्व गरेर जान देउवाको प्रस्ताव थियो । उनी सरकारमा जान चाहेनन् । मन्त्री छनोट गर्दा भने महामन्त्री थापाले इच्छाएका दुई व्यक्ति मन्त्री बने । सहमहामन्त्री बद्री पाण्डे र नेता प्रदीप पौडेलका लागि महामन्त्रीले जोडबल गरेर मन्त्री बनाए ।

बागमतीमा महामन्त्री थापा निकट सुरज लामिछाने मन्त्री बने । 'अघिल्लो गठबन्धनको बेला केन्द्र र प्रदेशमा मन्त्री बनाउँदा देउवाले महामन्त्रीलाई वेवास्ता गर्थे । यसपटक महामन्त्री चाहेका व्यक्तिलाई मन्त्री बनाएर स्पेस दिएका छन,' महामन्त्री थापा निकट एक नेता भन्छन् । कांग्रेस नेताहरुका अनुसार सभापति देउवा र महामन्त्री थापा थप नजिक भएको पछिल्लो उदाहरण कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापति चयन हो । उक्त समितिको सभापति रहेकी आरजु राणा परराष्ट्र बनेपछि रिक्त पदको जिम्मेवारी कुसुम थापाले लिइन् । कुसुम थापा महामन्त्री थापा निकट सांसद हुन् ।

संस्थापन र इतर दुबै पक्षका नेताहरुको दाबी अनुसार सभापति देउवा र महामन्त्री थापालाई नजिक ल्याउन भूमिका खेल्ने प्रमुख पात्र गृहमन्त्री रमेश लेखक हुन् । देउवा निकट लेखक अर्को समूहका नेतालाई नचिढ्याउने नेतामा परिचित छन् । महामन्त्री थापा र लेखकको सम्बन्धमा तिक्तता कहिले थिएन । सहकारी मुद्दालाई संसदमा निरन्तर उठाइरहन महामन्त्री थापा र नेता लेखकको मत मिलेको थियो ।

देउवा पक्षीय नेता भन्छन्, 'अहिले सभापतिले सबैभन्दा बढी विश्वास रमेश लेखकलाई गरेका छन् । लेखकले पुलको काम गर्दा सभापतिले महामन्त्रीका कुरा सुन्ने अवस्था बन्यो ।' देउवा-गगन सम्बन्धमा देखिएको सहज अवस्थाकै कारण सभापतिले सरकारको न्युनतम साझा कार्यक्रममा महामन्त्री थापालाई पार्टीबाट नेतृत्व गर्ने गरी पठाए ।

महामन्त्री थापा निकट केन्द्रीय सदस्य मधु आचार्य सभापतिले महामन्त्रीको कामको स्पीड र स्पिरिटलाई हेरेकाले त्यसलाई स्वभाविक मान्नुपर्ने बताउँछन् । १५ औं महाधिवेशनलाई हेरेर समीकरण बनाउने ध्येयले नजिक भएको बुझ्न नहुने उनले बताए । आचार्य भन्छन्,'महाधिवेशनलाई हेरेर अहिले नै तयारी गर्ने सोंच कसैको भए जस्तो देखिन्न् । त्यो बेलासम्म के कस्तो गरेर घटनाक्रम विकास हुन्छ । समय छ नि ।'

देउवा-गगनको दूरी घट्नुमा संस्थापनइतर पनि कारण बनेको नेताहरुको बुझाई छ । महामन्त्री थापा निकट नेताहरुको दाबी अनुसार डा. शेखरको प्यानलबाट महामन्त्री जितेका थापाले महाधिवेशन ताकाको गुटबन्दीमा अल्झेर काम गर्नुसाटो अर्कोपक्षसँग घुलमिल गर्दै कार्यसम्पादन गरेका कारण पनि सभापतिले थप विश्वास गरेका हुन् । उपसभापति धनराज गुरुङले केही दिन नेता शेखरको कार्यालयमा बोलाएको बैठकमा थापा सहभागी भएनन् । देउवा र गगनलाई नजिक ल्याउनुमा शेखरको भूमिकाले पनि काम गरेको संस्थापन पक्षका शीर्ष तहका एक नेता दाबी गर्छन् ।

कांग्रेस-एमाले मिलेर सरकार बनाउन जोड गर्ने शेखरले अहिले नै सत्ता गठबन्धनको विरोध गर्दा त्यसले देउवा-गगन नजिक ल्याउन झन् मद्दत गरेको उनले सुनाए । 'सरकारको सय दिन पुगेको छैन । शेखर जी मन्त्रीहरुले काम गर्न सकेनन् भन्नुहुन्छ । साझा न्युनतम कार्यक्रम भर्खर आएको छ,' उनले भने,'यस्तो बेलामा त देउवाले आफूलाई साथ दिने मान्छे खोज्छन् । महामन्त्री गठबन्धन सफल बनाउन लागिरहँदा देउवाले उनलाई खोज्छन् ।'

उपसभामुख इन्दिरा रानामगर प्रकरणमा पनि देउवा-गगनको मतभिन्नता देखिएन । संसदसँग सम्बन्ध नराख्ने व्यक्तिहरुलाई अनधिकृत रुपमा अमेरिका पठाउन चिठी लेखेको विषयमा राना मुछिँदा कांग्रेसले आवाज उठाएको थियो । तर, यसमा शेखर पक्षले साथ नदिएको बुझाई संस्थापन पक्षमा छ । उपसभामुख रानामगरलाई अविश्वासको प्रस्ताव ल्याउने प्रयोजनका लागि भएको हस्ताक्षर संकलन गर्दा शेखर निकटका नेताहरुले इन्कार गरेका थिए ।

सभापति देउवाले छनोट गरेका राजदूतमा समेत पार्टीभित्र विरोधको स्वर सुनिएन । 'देउवाले राजदूत बनाए र अरुले विरोध गरेनन्,' संस्थापनइतरका एक केन्द्रीय सदस्य भन्छन् । संस्थापन पक्षीय केन्द्रीय सदस्य नैनसिंह महर पार्टीलाई गति प्रदान गर्न सबै जना मिलेर काम गर्नुपर्ने धारणा राख्छन् । उनले भने,'संगठन गतिशील बनाउन सभापति र महामन्त्री मिलेर काम गरेको भए ठिक छ । दुई मात्रै होइन, सबै मिलेर पार्टीलाई मजबुत् बनाउनु पर्ने समय छ ।'

**महाधिवेशन पछिको सम्बन्धमा उतारचढाव**

१४ औं महाधिवेशनमा सभापति देउवा पहिलो चरणबाटै आफू पुन: निर्वाचित हुन हरदम प्रयास गरे । सफल हुन सकेनन् । शेखर प्यानलबाट महामन्त्रीका उम्मेदवार थापाले सभापतिमा उनलाई हराउन हरसम्भव प्रयास गरे ।

महाधिवेशन सकिएको तीन महिनासम्म सभापति र महामन्त्रीको सम्बन्ध सौहार्द रह्यो । एमसीसीका संसदबाट पारित गराउन अन्य दलका नेताहरुसँग छलफल गर्दा देउवाले गगनलाई छुटाएनन् । कांग्रेसको महाधिवेशन सकिएको तीन महिनापछि (२०७८ फागुन १५) मा संसदबाट एमसीसी सम्झौता अनुमोदन भएको थियो ।

संसदीय दलको नेतामा सर्वसम्मत हुन खोजेका देउवासँग प्रतिस्पर्धा गर्न महामन्त्री थापा उभिए । त्यसपछि देउवा-गगनको सम्बन्धमा दरार यही विन्दुबाट बढ्न पुग्यो । निर्वाचित महामन्त्रीलाई 'स्पेस' नदिएर संस्थापनइतरका नेता डा. कोइरालासँग डिल गर्न देउवा लागे । समूहलाई भागवण्डामा हिस्सेदारी बनाउने सल्लाहमा शेखरसँग संवादमा गर्ने तर महामन्त्रीलाई वेवास्ता गरिदिए ।

सार्वजनिक रुपमा सभापतिको कार्यशैलीको महामन्त्री थापाले आलोचना गर्दै गए । अघिल्लो साउनको केन्द्रीय समितिको बैठक सभापति र महामन्त्रीको द्वन्द्वमा केन्द्रित भएजस्तै देखियो । महामन्त्रीहरूलाई 'नाङ्गेझार' पार्ने भन्दै पूर्व तयारी गरेर देउवाले केन्द्रीय समिति बैठक लाइभ गर्ने निर्णय लिए ।

'महामन्त्रीहरु केन्द्रित आक्रमण गर्ने नियतले लाइभ गरिएको थियो,' संस्थापनइतरका एक केन्द्रीय सदस्य सुनाउँछन्,'देउवा पक्षबाट आएका प्रतिवाद महामन्त्रीले गरे । एकले अर्कालाई नंग्याउने जस्तो अवस्था त्यो बैठकमा बन्यो ।'

महामन्त्री निकट नेताहरुका अनुसार केन्द्रीय समिति बैठकमा संस्थापनइतरका नेता डा. कोइरालाले महामन्त्री थापालाई आड भरोसा दिएनन् । देउवा पक्षको पेलाई र आफ्नै समूहको बलियो साथ नपाउने अवस्थामा महामन्त्री थापा पुगेको उनी पक्षीय नेताहरु सुनाउँछन् ।

महासमिति बैठकमा देउवा-गगनको अर्को पेचिलो लडाई देखियो । समग्र बैठक चुनावी तालमेल गर्ने/नगर्ने विषय मात्रै केन्द्रीत भएजस्तो नेता कार्यकर्ता सबैलाई भान पर्‍यो । चुनावी गठबन्धन गर्न नहुने महामन्त्री थापाको प्रतिवेदनको विरोधमा संस्थापन पक्ष खरो उत्रियो ।

यो वीचमा महामन्त्री थापाले केन्द्रीय समितिको निर्णयमा दुईपटक 'नोट अफ डिसेन्ट' लेखे । २०७९ पुस १० पछि एमालेसँग माओवादी मिलेर सरकार बनाउँदा प्रधानमन्त्रीमा प्रचण्डलाई विश्वासको मत दिने निर्णयको विरुद्धमा लिखित असहमति महामन्त्री थापाले राखे । राष्ट्रिय सभाका उम्मेदवार चयन गर्दा लिखित असहमति उनको दोस्रोपटक थियो । गत निर्वाचनमा चुनावी तालमेल गर्न नहुने मत मौखिक असहमतिका रुपमा पार्टी बैठकमा राखे ।

पछिल्लो समय भने देउवा-गगन सम्बन्धमा प्रगाढता आएको पार्टीक नेताहरुको बुझाई छ । २३ साउनदेखि बसेको केन्द्रीय समितिको बैठकमा सभापति देउवा पक्षीय नेताहरुले महामन्त्री लक्षित आक्षेप लगाउने गरी प्रस्तुत भएनन् ।

एक अर्काप्रति स्वीकार्यता बढ्दै गएकाले आलोचना, विरोधमा केन्द्रीय सदस्यहरु नदेखिएको नेताहरु टिप्पणी गर्छन् । जस्तो कि विभागको प्रमुख तोक्दै गर्दा पनि सभापति देउवाले दुई महामन्त्रीले राखेका नामहरुमा असहमति राखेनन् । एकैपटक ३७ विभागको प्रमुख बनाउँदा महामन्त्रीद्धयको निश्चित गरेका व्यक्तिलाई देउवाले स्वीकारे ।

*(स्रोत: अनलाइनखबर)*

# 'सिनेमाघर एप'मा आयो 'प्रेमगीत ३'



काठमाडौं/नेपालको अग्रणी ओटीटी प्लेटफर्म 'सिनेमाघर एप'मा दशैंको अवसर पारेर ब्लकबस्टर फिल्म 'प्रेमगीत ३' रिलिज गरिएको छ । दुई सय रुपैयाँ शुल्क राखिएको फिल्मलाई सिनेक्वाइन प्रयोग गरी नि:शुल्क पनि हेर्न पाइने व्यवस्था छ । २०७९ सालमा नेपाली र हिन्दी भाषामा यो फिल्म रिलिज गरिएको थियो । र, दुईटै भाषाले नेपालमा राम्रो कमाई गरे । भारतमा पनि फिल्म प्रदर्शन भएको थियो ।

'प्रेमगीत ३' रिलिजसँगै सिनेमाघरले नयाँ अपडेट पनि ल्याएको छ, जसअनुसार यसअघि एन्ड्रोइड र आइओएस मोबाइल तथा स्मार्ट टिभी प्लेटफर्महरुबाट मात्र हेर्न सकिने सुविधा रहेकोमा अब ल्यापटप र डेस्कटपमा वेब ब्राउजरमार्फत पनि फिल्म हेर्न सकिनेछ । साथै, अब फोनपे क्युआर कोडमार्फत नेपाल तथा भारतबाट सजिलै रकम भुक्तानी गर्न मिल्ने सुविधा पनि उपलब्ध गराइएको छ ।

'सिनेमाघर एप'मा रिलिज भएको 'प्रेमगीत ३'मा प्रदीप खड्का, क्रिस्टिना गुरुङ, शिव श्रेष्ठ, सुनिल थापा, सन्तोष सेन, अनुभव रेग्मी, मनिष राउत, माओत्से गुरुङ, सम्वृद्धि शाही ठकुरी, लक्ष्मी वर्देवा लगायतको अभिनय छ । छेतेन गुरुङ र सन्तोष सेनले निर्देशनमा तयार भएको यो फिल्मले खजाग राज्यका कान्छा राजकुमार प्रेम (प्रदीप) र उनकी प्रेमिका गीत (क्रिस्टिना)को प्रेमकथा देखाउँछ ।

# नेपालमा कोही 'स्टार' छैन : अर्जुन कुमार



काठमाडौं/निर्माता अर्जुन कुमार अक्सर 'स्टार' कहलिएका कलाकारलाई लिएर फिल्म बनाउँछन् । 'द युगदेखि युगसम्म', 'फिटकिरी', 'चपली हाइट ३' र 'फाटेको जुत्ता' यसका उदाहरण हुन् । तर, उनी 'स्टार'प्रति नै भडास पोखिरहेका हुन्छन् । यही शुक्रबारबाट प्रदर्शनमा आउन लागेको आफ्नो नयाँ फिल्म 'सानो संसार'को प्रचारमा व्यस्त रहेका उनी नेपालमा कुनै कलाकार 'स्टार' नरहेको बताउँछन् ।

सोमबार पत्रकारसँगको भेटघाटमा उनले भने, 'म नेपालको कुनै कलाकारलाई 'स्टार' मान्दिनँ । नेपालको कुनै कलाकारलाई राखेर फिल्म चलाउँछु वा पैसा कमाउन सकिन्छ भनेर कसैले ग्यारेन्टी दिन सक्दैन । यो भनेको मान्छेलाई गुमराहमा राख्ने काम मात्र हो । नेपालमा कोही 'स्टार' छैन ।' पोस्टरमा कुनै क्लाकारको तस्वीर राखेर फिल्म चलाउने जमाना पनि गइसकेको अर्जुनको दाबी छ ।

अहिलेको समयमा फिल्म चल्नका लागि 'कन्टेन्ट' नै बलियो हुनुपर्ने उनको तर्क छ । 'फिल्म राम्रो बनेको छ र कलाकारहरूले राम्रो काम गरेको छ भने त्यो फिल्म एक वा दुई दिन नचल्ला तर तेस्रो दिनबाट चलेका धेरै उदाहरण छन्,' उनले भने । अर्जुन आफूलाई कलाकार झेल्न सक्ने निर्माताको रुपमा अर्थ्याउँछन् । पहिलाका फिल्महरूमा धेरै कलाकारलाई आफूले झेलेको उनले स्मरण गरे ।

निर्माता कुमारलाई नेपाली फिल्म क्षेत्रमा 'नातावाद' र 'कृपावाद' पनि धेरै नै छ भन्ने लाग्छ । 'फिल्म क्षेत्रमा बेला बखतमा नातावाद र कृपावादको कुरा आइरहन्छ । खासमा बाहिरको भन्दा नेपाली फिल्म क्षेत्रमा बढी नै छ । किनकि, यो सानो क्षेत्र हो । आफ्नै मान्छे राखेर फिल्म बनाउँ भन्ने भावना हुन्छ । तर, मेरो आफ्नो मान्छे कोही पनि छैन, फिल्ममा डेब्यु गराउन वा खेलाइरहन,' उनले भने ।

अर्जुन कुमार नियमित फिल्म बनाउने निर्माता हुन् । उनले निर्माण गरेको 'चपली हाइट' नेपाली फिल्मको परम्परागत कथ्य संरचना भत्काएको फिल्म थियो । उनले यसका तीनवटा श्रृंखला निर्माण गरिसकेका छन् । कोभिडका कारण 'चपली हाइट ३' भने नराम्ररी पिटियो । अब अर्जुनलाई 'सानो संसार'प्रति ठूलो आशा छ । यसलाई उनले आफ्ना अघिल्ला फिल्महरु मध्येकै उत्कृष्ट भनेका छन् ।

# 'ज्वाइँ साब'को क्लाइमेक्स दृश्य टिकटकमा भाइरल



काठमाडौं/'स्मार्ट फोन' र 'सोसल साइट्स'को बढ्दो प्रयोगले कुनै पनि कुरा गोप्य रहन असम्भवझैं भइरहेको छ । यसबाट नेपाली फिल्म पनि प्रताडित छ । छायांकन भइरहँदाको दृश्य टिकटक जस्ता प्लेटफर्ममा आइदिन्छन् । फिल्म रिलिजपछि हलभित्रै खिचेर सामाजिक सञ्जालमा हाल्ने प्रवृत्ति पनि उस्तै छ । जसले गर्दा करोडौं खर्चेर फिल्म बनाएका निर्माताहरू ठूलो आर्थिक क्षति बेहोर्न बाध्य छन् ।

यतिबेला फिल्म 'ज्वाइँ साब'को एक दृश्य पनि टिकटकमा छ्यापछ्याप्ती बनेको छ । काठमाडौंको त्रिभुवन विमानस्थलमा अभिनेता जितु नेपाल बरखी बारेको सेतो लुगामा निलो रंगको झोला भिरेर हातमा पासपोर्ट र बच्चा काखी च्यापेको अवस्थामा देखिएका छन् । उनको पछाडि अभिनेत्री नीति शाह नेपालको झन्डा बोकेर भावुक मुद्रामा जितुलाई हेरिरहेकी छन् । यो दृश्य मर्मस्पर्शी देखिन्छ । टिकटकमा फिल्मको भाइरल दृश्यले तीनवटा कुरा प्रष्ट पार्छ । पहिलो, जितुले लगाएको सेतो लुगाले बुबा वा बुहारीजसरी नीतिको घरमा भित्रिएकाले (कसम बत्तीको गीतमा देखिएअनुसार) ससुराको निधन भएपछि बरखी बारेको अर्थ्याउँछ । दोस्रो, जितु आर्थिक अभावका कारण वैदेशिक रोजगारीमा जान बाध्य भएका छन् । तेस्रो, यो फिल्मको अन्तिम दृश्य (क्लाइमेक्स) रहेको प्रष्ट बुझिन्छ ।

फिल्मको महत्त्वपूर्ण दृश्य नै टिकटकमा आइदिएपछि निर्माण टिम तनावमा देखिएको छ । निर्देशक बसन्त निरौला भन्छन्, 'हामीले मोबाइलबाट कसैले नखिचुन् भनेर सर्तकता अपनाएका थियौं । किनकि, यो दृश्य फिल्ममा महत्त्वपूर्ण छ । तर, विमानस्थलमा भीड एकदमै ठूलो भएकाले कसले खिच्यो थाहै पाइएन ।' यद्यपि, टिकटकमा भाइरल बनेको दृश्य फिल्मबाट भने नहटाइने भएको छ ।

# भुटानविरुद्ध पुनरागमन जित निकाल्दै नेपाल सेमिफाइनलमा

काठमाडौं/घरेलु टोली भुटान विरुद्ध समूहको अन्तिम खेलमा बुधबार २-१ को पुनरागमन जित निकाल्दै नेपाल साफ यू-१७ च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

थिम्पुस्थित चाङ्लिमिथाङ स्टेडियममा भएको समूह बी को अन्तिम खेलमा कृष्ण बहादुर आले र सुजन डंगोलले दोस्रो हाफमा गोल गरेपछि नेपालले भुटानलाई पराजित गरेको हो ।

जितपछि नेपाल तीन खेलबाट ६ अंक जोडेर समूह बी को उपविजेताको रुपमा सेमिफाइनल पुगेको हो । दुई जित र एक बराबरीसहित ७ अंक जोडेको पाकिस्तान समूह बी को विजेता बन्दै सेमिफाइनल पुगिसकेको छ ।

नेपालले अब सेमिफाइनलमा समूहृय ए को विजेता भारतसँग प्रतिस्पर्धा गर्नेछ । समूह ए मा भारतले बंगलादेश र माल्दिभ्स दुवैलाई पराजित गरेको थियो । खेलमा अग्रता भने भुटानले लिएको थियो । तर भुटानले अग्रता कायम राख्न सकेन भने दोस्रो हाफमा नेपालले उत्कृष्ट पुनरागमन गर्‍यो ।

खेलको ४३औं मिनेटमा छिमी तोब्देन दोर्जीले नेपाली खेलाडीको गल्तीमा गोल गर्दै भुटानलाई पहिले अग्रता दिलाएका थिए । नेपाली गोलकिपर पेम्बा नोर्बु भोटेको गल्तीमा नेपालले गोल खाएको थियो ।

गोलकिपर भोटेले कलेक्ट गर्न नसकेको बलमा छिमीले सहजै गोल गर्दै भुटानलाई अग्रता दिलाएका थिए । पहिलो हाफमा पछि परेको नेपालले दोस्रो हाफमा दुई गोल गर्‍यो ।

५५औं मिनेटमा कृष्ण बहादुर आलेले नेपालक लागि बराबरी गोल फर्काए । उनले करिब २५ यार्डमा प्राप्त फ्रिकिकमा उत्कृष्ट गोल गरे । बराबरीतर्फ अग्रसर भइरहेको खेलको ८४औं मिनेटमा सुजल डंगोलले गोल गर्दै नेपाललाई २-१ को अग्रता दिलाए ।

सुरुवाती गोल खाँदा गल्ती गरेका नेपाली गोलकिपर भोटेले यस पटक भने चलाखीपूर्ण पास दिंदा त्यसमा सुजलले गोल गरे । गोलकिपर भोटेले हानेको लामो बलमा भुटानी डिपेण्डरले क्लियर गर्न नसक्दा सुजनले विपक्षीको पेनाल्टी बक्सबाट भली गोल गरे ।

नेपालले अब शनिवार भारतसँग पहिलो सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ । अर्को सेमिफाइनल पाकिस्तान र बंगलादेशबीच शनिवारै हुनेछ । सेमिफाइनल विजेताबीच आउने सोमबार फाइनल खेल हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# ओडीआईमा सन्दीप, करण र गुल्सनको वरीयता सुधार



काठमाडौं/तीव्र गतिका बलर करण केसी, गुल्सन झा र स्पिनर सन्दीप लामिछानेले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी) को नयाँ ओडीआई वरीयतामा सुधार गरेका छन् । ओपनर कुशल भुर्तेल, आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, कुशल मल्ल, ललित राजवंशी र सोमपाल कामीको वरीयता खस्किएको छ ।

ओडीआईमा ब्याटिङतर्फ ओपनर आसिफ शेख ११ स्थान तल झर्दै ७९ औं स्थानमा पुगेका छन् । कुशल भुर्तेल ४ स्थान तल झर्दा ८० औं स्थानमा छन् । रोहित पौडेल ८७ औं स्थानमा यथावत छन् ।

ओडीआईको अलराउन्डरतर्फ सन्दीपले एकै पटक २२ स्थान सुधार गरेका छन् । अष्ट्रेलियाका ट्रविस हेड, एडम जाम्पा र सन्दीपको समान १४७ अंक हुँदा ४१ औं स्थानमा छन् ।

बलिङतर्फ भने उनी ४८ औं स्थानमा यथावत छन् । ललित राजवंशीको दुई स्थान खस्किदा ५२ औं स्थानमा पुगेका छन् । एक स्थान खस्किएका दीपेन्द्र ६४ औं स्थानमा छन् । अलराउन्डरतर्फ करण केसीले एकै पटक ११ औं स्थान सुधार गर्दै ७६ औं स्थानमा उक्लिएका छन् ।

गुल्सन झाले १३ स्थान सुधार गर्दै ९० औं स्थानमा छन् । त्यस्तै ललित राजवंशीले १ स्थान सुधार गर्दै ९४ औं स्थानमा छन् । नेपालको ओडीआई वरीयता पनि खस्किएको छ । नेपाल नेपाल १ स्थान तल झर्दै १७ औं स्थानमा पुगेको छ ।



# मकवानपुर र चितवनका कंक्रिट व्यवसायीलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ उर्जामैत्री भवन निर्माणमा स्थानीय सरकारसँग समन्वय गर्दै काम थालेको बिन (बिल्डिङ इनर्जी इफिसेन्सी इन नेपाल) परियोजनाले हेटौंडामा काम सुरु गरेको छ ।



स्थानीय पालिकासँगको साझेदारीसँगै परियोजनाले मकवानपुर र चितवनमा रहेर कंक्रिटका सामान उत्पादन गर्ने निर्माण व्यवसायीका लागि तीनदिने तालिम सञ्चालन गरेको हो । हेटौंडा उपमहानगर पालिकासँगको समन्वयमा सोबारदेखि सञ्चालन भएको तालिममा परियोजनाले निर्माण व्यवसायीलाई हलुका र वातावरणअनुकुल सामग्री निर्माण, बलियो र उर्जाखपत हुने सामग्रीसँगै कसरी आकर्षक सामग्री बनाउँने बारे जानकारी सहितको तालिम सञ्चालन गरिएको हो ।

बुधबार हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले तालिमाको समापन गरेकी हुन् । तालिमको समापन गर्दै नगर प्रमुख लामाले समयअनुसारको सामग्री उत्पादनमा ध्यान दिन आग्रह गरिन् । हामीले घर निर्माण एकपटक गर्छौं त्यहाँ प्रयोग हुने सामग्री कस्तो हुनुपर्ने भन्ने जानकारी नहुँदा समस्या पर्ने गरेको उनले बताइन् । घर वा पूर्वाधार निर्माणको क्रममा प्रयोग वातावरण स्वास्थ्यका दृष्टिकोणमा उर्जामैत्री भवन निर्माण गर्नु राम्रो हुने बताइन् ।

तालिम समापनमा हेटौंडा उपमहानगरपालिका भवन इजाजत शाखाका प्रमुख इन्जिनियर उद्धब रिमालले भवन निर्माण उर्जामैत्री प्रभावकारी भवन निर्माण गर्ने भनेर सम्झौता भएको र सोही अनुसार उपमहाननगर अघि बढेको बताए । उपमहानगरले उर्जा प्रभावकारी भवन निर्माण स्वीकृतिसम्बन्धी कार्यबिधि-२०८१ पारीत गरेर अघि बढ्ने तयारी गरेको जानकारी दिए । कार्यबिधि लागू भएको एकवर्षको अवधिमा उर्जा प्रभावकारी भवन निर्माण स्वीकृतिका लागि आउनेका लागि ५० प्रतिशतसम्म छुटको व्यवस्था रहेको जानकारी दिए ।

तालिममा चितवन ब्लक समयअनुसार नभएका बारे जानकारी पाएको बताए । उनले अब वातावरण अनुकुलका सामग्री उत्पादन र प्रयोगमा लाग्नका लागि जानकारी दिएको बताए । उनले कसरी बलियो र कम उर्जा खपत गरी सामग्री निर्माण गर्ने भन्ने विषयमा जानकारी पाएको र भोलिका दिनमा कंक्रिट हलो व्लक उत्पादनको बारे बुझेको बताए ।

बिन परियोजना हेटौंडाका अस्मिता श्रेष्ठको अध्यक्षतामा भएको तालिम समापनमा इन्जिनियर सन्तोष रानाले सहजिकरण गरेका थिए । तालिममा चितवनका भरतपुर, रत्नगर, मकवानपुरको हेटौंडा, मनहरी र जीतपुर सिमराका कंक्रिट व्यवसायी गरी १७ जनाको सहभागिता रहेको कार्यक्रमसंयोजक श्रेष्ठले जानकारी दिइन् ।

# जिल्लास्तरीय चौथो स्क्रयाबल च्याम्पियनसीप

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ मकवानपुर जिल्लास्तरीय चौथो स्क्रयाबल च्याम्पियनसीप बुधबार हेटौंडामा सम्पन्न भएको छ । स्क्रयाबल क्लब मकवानपुरको आयोजना तथा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कुलको प्रायोजनमा प्रतियोगिता भएको हो ।




प्रतियोगितामा मकवानपुरका २३ वटा विद्यालयबाट ४६ जना विद्यार्थी सहभागी भएका छन् । प्रतियोगितामा ६ वटा सामुदायिक तथा १७ वटा निजी विद्यालयका विद्यार्थी सहभागी छन् । एउटा विद्यालयबाट दुईजना विद्यार्थी सहभागी हुने व्यवस्था मिलाइएको थियो ।

बालजागृति इंग्लिस सेकेण्डरी स्कुलको सञ्चालक समितिका अध्यक्ष दिनेशप्रसाद भण्डारीको सभाध्यक्षता तथा २ नम्बर वडाका अध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यमा उद्घाटन भएको हो । प्रतियोगितामा बालजागृति इङ्लिस बोडिङ सेकेण्डरी स्कुलका आरुश राजथला प्रथम भएका छन् । त्यसैगरी बालजागृति इङ्लिस बोडिङ सेकेण्डरी स्कुलका श्रीसुम श्रेष्ठ द्वितीय भएका छन् ।

सुनगाभा शिक्षानिकेतन इङलिस स्कुलका अमोघ चौलागाई तृतीय भएका छन् । भुटनदेवी माध्यमिक विद्यालयका प्रशान्त साह चौथो भएका छन् । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरी, वडा सदस्य सुरज बर्तौला, ईन्द्रप्रसाद रिजाल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) का केन्द्रीय समिति उपाध्यक्ष उमेश श्रेष्ठ, जिल्लाअध्यक्ष विनोद सुवेदी, स्क्राबल क्लब मकवानपुरका अध्यक्ष बिवशजंग थापाको आतिथ्य रहेको थियो ।


सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्

छानीछानी सुमो किनेर

आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhababini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५


# युनिलिभरको बोनस हालसम्मकै उच्च

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ युनिलिभर नेपालले आफ्ना सेयर धनीलाई हालसम्मकै उच्च लाभांश घोषणा गरेको छ । कम्पनीले गत कम्पनीले घोषणा गरेको लाभांश हालसम्मकै उच्च हो ।

यसअघि कम्पनीले आव २०७९/८० मा १५८० प्रतिशत लाभांश दिएको थियो । प्रस्तावित

# नकोलामा नि:शुल्क आँखा शिविर सञ्चालन



साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ हेटौंडा उपमहानगरपालिका-१ नकौलीमा नि:शुल्क आँखाशिविर सञ्चालन भएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालको प्रविधिक सहयोग तथा हेटौंडा उपमहानगरपालिका-१ वडा कार्यालयको आयोजनामा शिविर सञ्चालन भएको हो ।

शिबिरमा अस्पतालले क्योर व्लाइडनेस परियोजना अन्तर गत नकौली सहरी स्वास्थ्यकेन्द्र बाझोडाँडामा सञ्चालन गरेको शिबिरमा १ सय ४० जनाको आँखा परीक्षण गरिएको थियो । शिबिरमा आँखा जाँच गर्न आएकामध्ये १३ जनामा मोतियाबिन्दु र १ जनामा जलबिन्दु फेला परेको स्वास्थ्यकेन्द्रका इन्चार्ज अहेव प्रतिमा घलान्ले जानकारी दिइन् । मोतियाबिन्दु र जलबिन्दु देखिएकाहरुको बिहीवार समुदायीक आँखा अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था मिलाइएको वडाअध्यक्ष सबिन न्यौपानेले जानकारी दिए ।

१ नम्बर वडाअध्यक्ष न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर कार्यपालिका सदस्य ईश्वरी रसाईली, १ नम्बर वडासदस्यद्वय मनु दाहाल र सोनामसिं ब्लोनको आतिथ्यता रहेको थियो । शिबिरमा आँखा अस्पतालका तर्फबाट अप्थाल्मिक अफिसर रिना खड्गी, नेत्रसहायक धर्मराज यादव, आँखा स्वास्थ्य कार्यकर्ता अचला शर्माले आँखा जाँचका लागि आएकाहरुको परीक्षण गरेका थिए ।


सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३


# थाहाका खोलामा माछा मार्नेलाई कारबाही



समेत जफत गरेको कार्यालयले जनाएको छ । उनीहरुलाई कारबाही सहित ५ हजार रुपैयाँ जरिवाना लगाएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले बताए ।

खोलाबाट उनीहरुलाई सोमबार नियन्त्रणमा लिएर मंगलबार नगरपालिकाले दण्ड जरिवानासहित कागज गराएर छाडेको गिरीको भनाई छ । थाहा नगरप्रहरीको सक्रियतामा नगरपालिकाको वडा नम्बर २ र ३ को सीमानामा पर्ने पालुङ खोलामा माछा मार्दै गरेको अवस्थामा उनीहरुलाई नियन्त्रणमा लिइएको हो । माछा मार्ने क्रममा नियन्त्रणमा लिइएकाहरुलाई मंगलबार नगरपालिकामा ल्याई थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७६ बमोजिम ५ हजार रुपैयाँ जरिवाना गरिएको हो ।

नियन्त्रणमा लिइएकाहरुले कानुन कहिल्यै उल्लंघन नगर्ने र नगरपालिकाले चलाएको सकारात्मक अभियानमा सधैं सहयोग गर्ने बताएका छन् । उनीहरुले भुलबस गलत काम गरेको स्वीकार्दै यस्तो भूल नगर्ने प्रतिबद्धता जनाएको नगर पालिकाका सूचना अधिकारी सुरज भुजेलले बताए । थाहा नगर पालिकाले विभिन्न खोलामा माछाका भुराहरु छोड्ने काम गरेको छ ।

नगरपालिकाको खोलामा विद्युत् तथा विभिन्न केमिकल प्रयोग गरी जलचर माछा समात्ने तथा मार्ने कार्य नगर्न/नगराउन सूचना जारी गरी सबैलाई सूचित गराएको छ । प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन २०७६ मा माछालगायत जलचर समात्ने वा माने कार्य गरिएको पाइएमा ५० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्ने तथा जलचर संरक्षण ऐन २०५५ (संशोधन) अनुसार ५ हजार रुपैयाँ जरिवाना वा ६ महिनासम्म कैद गर्ने कानुनी व्यवस्था गरेको छ ।

# मन्त्री काफ्लेले भने, 'जनताका कुरा सुनेरमात्र काम गर्छु'

साझाकुरा संवाददाता

हेटौंडा, ९ असोज/ बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्लेले स्थानीय तह उत्पादन क्षमता बढाउने र स्थानीय तह उत्पादनसँग जोडिने गरी काम गर्नुपर्ने बताएका छन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालय बागमती प्रदेशको आयोजनामा भएको राजस्व बाँडफाँड तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण सम्बन्धी रामेछापमा भएको स्थानीय तहसँगको अन्तरक्रिया कार्यक्रममा मन्त्री काफ्लेले जनतालाई उत्पादनसँग जोड्नसके मात्र समृद्धिको लक्ष्य हासिल हुनसक्ने बताएका हुन् ।

उनले उत्पादनका क्षेत्रमा काम नभएसम्म रोजगारी सिर्जना नहुने बताएका छन् । सबै तहमा फिल्ड स्टडी नगरी काम गर्ने प्रवृत्तिका कारण समाजमा दुरगामि असर परिरहेको बताएका छन् । उनले भने, 'प्रदेशको ठूलो योजनाको अध्ययनबिना बजेट हाल्दिनँ । विज्ञटोलीको अध्ययनका आधारमा मात्र काम गर्ने र विकास निर्माणको लागि जनताको कुरा सुनेर अघि बढ्छु ।,'

## २६ औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस बहुउदेश्यीय सहकारी संस्थाको २६ औं साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गईरहेको ब्यहोरोको सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराई सकिएको छ, यदी पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर साधारण सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम** :

मिति : २०८१/०७/१० गते शनिबार

समय : ११:०० बजे

स्थान : हेटौंडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका बिषयहरू** :

१. अध्यक्ष ज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिब ज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्ष ज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व.२०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. संचालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा।
८. शेयर लाभांश एवं संरक्षित पुंजी कोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकताअनुसार घर/घडेरी खरिद एवम् बित्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. बिबिध ।

**नोट**: २०८० सालको एसइइ (SEE) मा उत्कृष्ट अंक ल्याउने सदस्यका छोराछोरीहरुलाई पुरस्कृत गरिने हुँदा मिति २०८१/०६/३० गते भित्र संस्थामा आफ्नो प्रमाणपत्रहरु पेश गर्न हुन जानकारी गराइन्छ । साथै साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

इश्वर पण्डित (सचिव)

**दिव्य तारा बहुउद्देश्यीय सहकारी संस्था लि.**

हेटौंडा-२, पल्पसारोड

फोन नं. ०५७-५२४९१६, ५२५९१७


असोज ७ गतेबाट तपाईंको सेवामा

DFSK EC 36

"हाम्रो सुमो सेवाको नौलो प्रस्तुती"



हाम्रो ई.भी. सेवा

हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो

काठमाण्डौं काउन्टर:-०१-५४०४४४४, ९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८

सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी

मुख्य कार्यालय, हेटौंडा :-०५७-५९१०४०

पुरानो मकवानपुररोड

सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना